२०७५ श्रावण

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# आलिताल गाउंपालिका, डडेल्धुरा



आर्थिक वर्ष २०७४/०७५ को

वार्षिक

# प्रगति प्रतिवेदन

आलिताल गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
आलिताल डडेल्धुरा
प्रदेश नं. ७

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
डडेल्धुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ 3

१. पृष्ठभूमी ........ 6

२.१. भौतिक प्रगति ........ 6

२.२. क्षमता विकास ........ 7

२.३. जीविकोपार्जन कार्यक्रम ........ 9

३. अनुगमन तथा प्रतिवेदन ........ 11

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 12

५. नीति तर्जुमा ........ 13

६. सहकार्य ........ 14

७. आइपरेका समस्याहरु ........ 14

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 16

अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 17

अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण ........ 18

अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ 19

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 22

अनुसूची ५ : भिजिबिलिटी ........ 24

अनुसूची ६ : जनशक्ति विवरण ........ 25


## तालिका सूची


तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका २ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ५ : आयआर्जन सम्बन्धी विवरण
तालिका ६ : सहकारी सम्बन्धी विवरण
तालिका ७ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ८ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका ९ : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन
तालिका १० : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका ११ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १२ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | .आलिताल गाउँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३२ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा)<br>(दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | पूँजीगत | २८,४३७.८७८ | २८,९६४.२४५ | २८,९६४.२४५ | १०२% |
| | कार्यक्रम/चालु: | ६,०६२.००० | ६,०६२.००० | ४८३.४८१ | ९०% |
| | **जम्मा** | **३४,४९९.८७८** | **३५,०२६.२४५** | **३४,४४७.७२६** | **१००%** |
| | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था**<br>(रु हजारमा) | स्थानीय तह | ३,२४५.८७८ | ३,७७२.२४५ | ३,७७२.२४५ | ११६% |
| | नेपाल सरकार | १२,५७८.००० | १२,५७८.००० | १२,५७८.००० | १००% |
| | दातृ निकाय (GoF/EU) | १८,६७६.००० | १८,६७६.००० | १८,०९७.४८१ | ९७% |
| | **जम्मा** | **३४,४९९.८७८** | **३५,०२६.२४५** | **३४,४४७.७२६** | **१००%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • यस आ.व. मा सम्पन्न भएका ६ वटा खानेपानी र एक वटा बहुद्धेशिय योजना सम्पन्न भई ५९९ घरधुरीका ३१७९ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् ।<br>• सम्पन्न भएका १२ योजनामा हालसम्म रु. १२,०२,०८३ मर्मत संभार कोषमा रहेको छ जुन रकम योजना दिगोपनको लागि महत्वपूर्ण आधार हो । साथै योजनाको दिगोपनलाई मध्यनजर गरेर प्रत्येक योजनाहरुले महिनामा रु. २० देखि रु. १०० सम्म प्रति घरधुरी प्रति महिना पानी शुल्क वापत रकम जम्मा गर्ने र सो को रेकर्ड अद्यावधिक गर्दै गइरहेका छन् ।<br>• सम्पन्न भएका १२ योजनाहरुमा योजनाको सेवालाई सूचारु गर्नको लागि आवश्यक प्राविधिक सहयोग पुर्‍याउनको लागि १६ जना मर्मत संभार कार्यकर्ता नियमित रुपमा परिचालन भएका छन् । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION

| | |
|---|---|
| | • यस गाउँपालिकामा हालसम्म सम्पन्न भएका १२ योजनाहरु मध्ये ३ योजनाहरुले पानी सुरक्षा योजना तथा मर्मत संभार कार्यविधि लागू गर्दै आएका छन् । <br> • योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | • यस आ.व. मा ६ समूहका १४४ घरधुरीका ७४८ जना घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ । <br> • यस आ.व. मा २ समूहका ५० घरधुरीका ४० जनाले प्लाष्टिक घरमा र बारीमा व्यवसायिक तरकारी खेतीबाट न्यूनतम रु. ३,००० देखि रु. २१,००० सम्म प्रति घरधुरीले आयआर्जन गर्दै आइरहेका छन् । <br> • यस गाउँपालिकामा यस आ.व.मा ६ जनाले अगुवा कृषक तालिम पाई समूहमा घरवारी व्यवस्थापनको लागि सहजिकरण गर्दै आइरहेका छन् । <br> • यस गाउँपालिकामा यस आ.व.मा २ जनाले स्थानीय श्रोत व्यक्ति विकास तालिम प्राप्त गरी घरवारी व्यवस्थापन, व्यवसायिक तरकारी खेती जस्ता प्रविधिकमा कृषकहरुलाई आवश्यकता अनुसार सहयोग गर्दै अइरहेका छन् । <br> • यस गाउँपालिकामा यस आ.व.मा १४४ जना कृषकहरुले Low Cost Technolgy सम्बन्धि कृषि प्रविधिको ज्ञान हासिल गरी आफ्नो घरवारीमा उपयोग गर्दै आइरहेका छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | • यस आ.व. मा यस गाउँपालिकामा ३३० वटा सुधारिएको चुल्हो निर्माण सम्पन्न भई ३३० घरधुरीका १,७१२ जनसंख्या लाभान्वित भएका छन् । यसरी हालसम्म यस गाउँपालिकामा ५०० घरधुरीका २,५९० जनसंख्या सुधारिएको चुल्होबाट लाभान्वित भएका छन् । <br> • रन्तोला नदिगडा खानेपानी योजनामा वातावरण मैत्री अनुकुलन योजना निर्माण भएको छ जहाँ पाईप प्रणली, आकासे घैटो, श्रोत सुधार तथा संरक्षण प्रविधि अपनाइएको छ । |
| नतिजा ४ : क्षमता विकास | • योजनाको दिगोपनको लागि यस गाउँपालिकामा गाउँपालिकास्तरीय सबै सरोकार राख्ने निकायहरु बीच ३ दिने योजना दिगोपन कार्यशाला गोष्ठी संचालन गरी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गरेका छन् । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | • आर्थिक तथा सामाजिक कार्यका साथै विकास निर्माणको कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले सहकारी विकास तथा प्रवर्द्धनका लागि गाउँपालिकामा गाउँपालिकामा एक सबल सहकारी निर्माण गरी र सोको परिचालन गरी अगाडी बढ्ने प्रतिवद्धता जाहेर भएकोछ ।<br>• जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न आलिताल गाउँपालिकाको समग्र गलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ ।<br>• गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन भूमिका निर्वाह गरेको छ ।<br>• निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका १२ योजनाहरुमा १६ जना ग्रामीण मर्मत संभार कार्यकर्ता विकास गरी परिचालन भएका छन् ।<br>• सहकारी पदाधिकारी तथा सरोकारवालाहरुको सहकारी अध्ययन भ्रमणकार्य सम्पन्न भएको छ । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

आालिताल गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०४/१० मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र आलिताल गाँउपालिका बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेषण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै १०० प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको कुनै पनि रकम फ्रिज नभएको र दातृ निकाय तर्फको रु. ५,७८,५१९ अर्को वर्षमा सरी गएको छ। स्थानीय तहको विनियोजित रकम रु. ३२,४५,८७८ भन्दा रु. ५,२६,३६७ थप खर्च भई गएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा १००% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ७ भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ७ वटै योजनाहरु सम्पन्न भएका छन् भने गत आ.व.मा नैं भौतिक रुपमा निर्माण सम्पन्न भएका २ वटा खानेपानी तथा सरसफाइ योजनाहरुको अन्तिम किस्ता यस आ.व.मा निकासा गरी फरफारक गरिएको छ। साथै यस आ.व.मा ३३० वटा घरधुरीहरुमा सुधारिएको चुल्हो निर्माण सम्पन्न भएका छन्।

यस प्रतिवेदनमा आलिताल गाँउपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- यस आ.व. मा सम्पन्न गरिएका ७ वटा खानेपानी योजना सम्पन्न भई ५९९ घरधुरीका ३,१७९ जनसंख्या शुद्ध खानेपानीबाट लाभान्वित भएका छन् । साथै बजेट अभावका कारण यस आ.व.मा २ वटा योजनाको तयारी चरणको कार्य अगाडी बढेको छ ।
- यस आ.वा. मा यस गाउँपालिकामा सम्पन्न गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ३३० वटा सुधारिएको चुल्हो मध्ये ३३० वटा सुधारिएको चुल्हो निर्माण सम्पन्न भई ३३० घरधुरीका १,७१२ जनसंख्या लाभान्वित भएका छन् ।
- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ६ वटा घरवारी व्यवस्थापन समूह मध्ये ६ .समूहका १४४ कृषकहरुलाई तालिम दिई १४४ .घरधुरीका ७४८ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।

***तालिका १ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु (एउटा खानेपानीमा आधारित बहुउपयोगी योजना समेत) | ७ | ३,१७९ | ७ | ३,१७९ | १००% | १००% |
| २ | घरबारी व्यवस्थापन | ६ समूह | ७४८ | ६ समूह | ७४८ | १००% | १००% |
| ३ | सुधारिएको चुल्हो | ३३० | १,९७२ | ३३० | १,९७२ | १००% | १००% |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.२. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- यस आ.व.मा यस गाउँपालिकामा जम्मा लक्षित १२ वटा योजनामा चरणबद्ध कार्यतलिका अनुसारका क्रियाकलापहरु मध्ये १२ वटा योजनाहरुमा चरवद्ध कार्यतालिका बमोजिमका सबै तालिमहरु सम्पन्न भई उपभोक्ता समितिको क्षमता विकास भएको छ ।
- योजना गरिएको योजना दीगोपन सम्बन्धि गाउँपालिकास्तरीय विभिन्न सरोकारवाला निकायहरुको ३ दिने गाँउपालिका स्तरीय कार्यशाला गोष्ठी गाउँपालिका प्रतिनिधि, सम्पन्न खानेपानी योजनाका उपभोक्ता समिति प्रतिनिधि, सहकारी प्रतिनिधि, परियोजनाका प्रतिनिधि तथा अन्य सरेकारवाला निकायका प्रतिनिधिहरु बीच बृहत छलफल गरी निर्माण

योजनाहरुको दिगो व्यवस्थापनका लागि खेल्नु पर्ने आ-आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्ने सम्बन्धि गाउँपालिकाको ९ बुँदे र उपभोक्ता समितिको १६ बुँदे संयुक्त प्रतिवद्धता सहित सम्पन्न भएको छ ।

- चेतना कृषि सहकारी संस्थाका पदाधिकारीहरुका लागि सहकारीको व्यवस्थापन तथा लेखा व्यवस्थापनलाई लक्षित गरी योजना गरिएको सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिम संचालन गरी सहकारीको क्षमता विकास तथा लेखा व्यवस्थापनमा सुधार आएको छ र तालिमका १८ सहभागीहरुले सहकारीको व्यवस्थापन तथा लेखा राख्न सक्ने क्षमतामा बृद्धि भएको छ ।
- गाउँपालिका ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना व्यवस्थापन समितिको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई परियोजनाका क्रियाकलापहरुमा लागू गर्न र परियोजनालाई प्रभावकारी बनाउन गाउँपालिकाको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- चेतना कृषि सहकारी संस्था लि. का पदाधिकारीहरुका लागि योजना गरिएको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई सहकारीमा लागू गर्न र सहकारीलाई प्रभावकारी बनाउन सहकारीका पदाधिकारीहरुको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १२ अगुवा कृषकहरु मध्ये ६ समूहबाट ६ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका २ जना स्थानीय स्रोत व्यक्तिहरु मध्ये २ जना स्थानीय अगुवा कृषकहरुलाई स्थानीय स्रोत व्यक्ति विकास गरी गाउँपालिकामा घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- निर्माण सम्पन्न योजनाहरुको दिगोपन तथा मर्मत संभारको लागि यस वर्ष यस गाउँपालिकामा निर्माण सम्पन्न भएका र निर्माणधीन अवस्थामा रहेका ३ योजनाहरुमा ५ जना ग्रामीण मर्मत संभार कार्यकर्ताहरुलाई १२ दिनको प्राविधिक तालिम दिई सिप विकास गरी परिचालन भएका छन् ।
- जलस्रोत तथा जिविकोपार्जनको क्षेत्रमा प्रभावकारी योजना तर्जुमा गर्न आलिताल गाउँपालिकाका गाउँपालिकास्तरका जनप्रतिनिधिहरु तथा समुदायको क्षमता विकासका साथै गाउँपालिकाको समग्र गलउपयोग गुरुयोजना समायोजन तथा जीविकोपार्जन योजना निर्माण भएको छ ।
- यस आ.व.मा सम्पन्न हुने गरी लक्ष्य लिइएको गाउँपालिकस्तरीय व्यवसाय प्रवर्द्धन तथा बजारीकरण सम्बन्धि गोष्ठीको आयोजना गरी **एक घर कम्तिमा एक शेयर** को निति अवलम्बन गर्ने सहमति अनुरुप सरोकारवाला निकायहरुको बीच चेतना कृषि सहकारी संस्था लि. को नमूना व्यवसायिक योजना निर्माणका लागि कार्यशाला गोष्ठी सम्पन्न भएको छ र त्यसको लागि गाउँपालिकाको नेतृत्वमा विभिन्न सरोकारवाला निकाय सदस्य रहेको ७ सदस्यीय व्यवसायिक योजना निर्माण मस्यौदा समिति गठन भई परिचालन भएको छ ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

- सुधारिएको चुल्हो निर्माण तथा मर्मतका लागि २० जनालाई सुधारिएको चुल्हो निर्माण तथा मर्मत संभार तालिम संचालन गरेको र हाल तालिमप्राप्त व्यक्तिहरुले चुल्हो जडान गर्ने कार्य गर्दै आइरहेका छन् ।

*तालिका ३ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ३० | १४ | ४० | ४५ | ८५ | १०४ | १५५ | १६३ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | | | | | | | | |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ११ | ३ | ६८ | ७ | १०३ | ४५ | १८२ | ५५ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | १ | ० | १ | ० | ३ | ० | ५ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ४८ | ४७ | ३८ | ६४ | १३६ | ४१४ | २२२ | ५२५ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | १ | १ | ४ | १ | ५ | ८ | १० | १० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | २ | ३ | १४ | २० | १४ | ७१ | ३० | ९४ |
| जिविकोपार्जन सुधारका लागि व्यवसाय प्रवर्द्धन तालिम | ० | ३ | ९ | ८ | १० | ३८ | १९ | ४९ |
| **जम्मा** | **९२** | **७२** | **१७३** | **१३८** | **३५३** | **६८३** | **६१८** | **९०१** |

क्षमता विकास तालिमको साथ साथै यस गाउँपालिकामा विभिन्न लक्षित बर्गको लागि विभिन्न जनचेतना जगाउने खालका जस्तैः अन्तराष्ट्रिय नारी दिवस, विश्व पानी दिवस, महिनावारी स्वच्छता दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, विभिन्न स्कुलहरुमा स्वस्थ्य तथा सरसफाइ सम्बन्धि कक्षा संचालन, विभिन्न समुदाय तथा समूहमा पोषण थाली प्रदर्शन, बैठकहरु, आदि जस्ता क्रियाकलापहरु सञ्चालन भएका छन् । यसरी यि क्रियाकलापहरुमा समुदायको उल्लेख्य सहभागिता रहेको थियो । यस गाउँपालिकामा विभिन्न मितिमा सम्पन्न भएका तालिम तथा कार्यक्रमहरुमा कुल ९,०६३ जनाको सहभागिता रहेको थियो जसमा ५८.५ प्रतिशत महिला तथा ३२.८ प्रतिशत दलित र जनजाती समुदायको सहभागिता रहेको थियो ।

तालिम तथा विभिन्न कार्यकमको विस्तृत विवरण अनुसूची २ (क) र (ख) मा दिइएको छ ।

## २.३. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका ६ वटा घरवारी व्यवस्थापन समूह मध्ये ६ समूहका १४४ कृषकहरुलाई तालिम दिई १४४ घरधुरीका ७४८ जनसंख्या घरवारीबाट लाभान्वित भई मौसमी घरवारी व्यवस्थापन गर्दै आएका छन् जस्ले गर्दा घरायसी पोषणको साथै सानोतिनो आयआर्जनमा बृद्धि भएको छ ।
- यस आ.व. मा विकास गर्ने लक्ष्य लिइएका १२ अगुवा कृषकहरु मध्ये ६ समूहबाट ६ अगुवा कृषकहरुलाई अगुवा कृषक तालिम संचालन गरी सम्बन्धित घरवारी समूहमा प्राविधिक सहयोग तथा सहजिकरण गर्न परिचालन भएका छन् ।
- यस आ.व. मा तालिम दिई परिचालन गर्ने लक्ष्य लिई प्रस्ताव गरिएका २.वटा व्यवसायिक आय आर्जन समूह मध्ये २ समूहका ५० कृषकहरुलाई तालिम दिई ४० घरधुरी व्यवसायिक रुपमा तरकारी खेती गर्दै आइरहेका छन् र उनिहरुको आयआर्जनमा यस आ.व.मा प्रति परिवार रु.३,००० देखि रु. २१,००० सम्म बृद्धि भएको छ ।
- चेतना कृषि सहकारी संस्थाका पदाधिकारीहरुका लागि सहकारीको व्यवस्थापन तथा लेखा व्यवस्थापनलाई लक्षित गरी योजना गरिएको सहकारी ब्यवस्थापन तथा लेखा ब्यवस्थापन तालिम संचालन गरी सहकारीको क्षमता विकास तथा लेखा ब्यवस्थापनमा सुधार आएको छ र तालिमका १८ जना सहभागीहरुले सहकारीको ब्यवस्थापन तथा लेखा राख्न सक्ने क्षमतामा बृद्धि भएको छ ।
- चेतना कृषि सहकारी संस्था लि. का पदाधिकारीहरुका लागि योजना गरिएको अध्ययन अवलोकन भ्रमणले सिकाईहरुलाई सहकारीमा लागू गर्न र सहकारीलाई प्रभावकारी बनाउन सहकारीका पदाधिकारीहरुको क्षमता अभिबृद्धिमा भूमिका निर्वाह गरेको छ ।

*तालिका ४ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ६ | २७ | ५९ | ९२ | १ | ० | ३० | ३१ | ७ | २७ | १२२ | १५६ |
| २ | ० | ११ | ९० | १०१ | ७ | २३ | ३९ | ६९ | ७ | ३४ | १२९ | १७० |
| ३ | १ | ३ | ७८ | ८२ | ४ | ९ | १४ | २७ | ५ | १२ | ९२ | १०९ |
| ४ | ० | ० | ३७ | ३७ | ० | ० | ० | ० | ० | ० | ३७ | ३७ |
| ५ | ० | ११ | ८ | १९ | ० | ० | ० | ० | ० | ११ | ८ | १९ |
| ६ | ० | ० | २१ | २१ | ० | ० | ० | ० | ० | ० | २१ | २१ |
| ७ | १ | २३ | ५२ | ७६ | ० | ० | ० | ० | १ | २३ | ७६ | १०० |
| ८ | ० | १२१ | ६ | १२७ | ० | ० | ० | ० | ० | १२१ | ६ | १२७ |
| **जम्मा** | **८** | **१९६** | **३५१** | **५५५** | **१२** | **३२** | **८३** | **१२७** | **२०** | **२२८** | **४९१** | **७३९** |

*तालिका ५ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ४ | २२ | २५ | ५१ |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्यवसायिक फलफूल खेती | ० | १० | ० | १० |
| ३ | बहुउद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ३ | ३ | ६ |
| ४ | एग्रोभेट | ० | ० | ३ | ३ |
| ५ | स्रोत व्यक्ति परिचालन | १ | १६ | २५ | ४२ |
| **जम्मा** | | **५** | **५१** | **५६** | **११२** |

*तालिका ६ : सहकारी सम्बन्धी विवरण*

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | कैफियत |
|---|---|---|---|
| | | चेतना कृषि सहकारी संस्था लि. | |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ७ | |
| २ | शेयर धनीहरुको संख्या | १,३४९ | |
| ३ | कुल सम्पत्ती रु. | ४३,६०,८९२ | |
| ४ | कुल ऋण लगानी रु | ४८,२१,२७३ | |
| ५ | असूली दर | ९८.६३% | |
| ६ | खुद नाफा रु | २,६८,४१६ | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | १०,०६६ | |
| ८ | जगेडा कोष रु. | १,९१,७१६ | |
| ९ | सञ्चालन आत्मनिर्भरता | २३१% | |

चेतना कृषि सहकारीको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ ।

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि गाउँपालिकाको अनुगमन संयन्त्रलाई परियोजनाको कार्यविधि अनुसार आवश्यकता अनुसार अनुगमन गर्न अधिकार दिने र सोहि अनुसार आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ ।

*तालिका ७ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | काफली तिम्तरा खापायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | १ |
| २ | कोलाडी खापायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | १ |
| ३ | किमोडी खपायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | १ |
| ४ | सेलालेकगाँउ खापायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | १ |

| | | | | |
|---|---|---|---|---|
| ५ | बण्डाले खापायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | २ |
| ६ | डोला बहुउद्देश्यीय योजना | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | २ |
| ७ | रन्तोला नदिगडा खापायो | ३ पटक (यस आ.व. मा दुई पटक मात्र) | २ | २ |
| | **जम्मा** | **१४ (यस आ.व.को)** | **१४** | **१०** |

*तालिका ८ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१६** | **०** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ९ : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाव | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४/०७/३० | • चालु र पूँजिगतको भौचर नं. दिनु पर्ने<br>• फिल्ड संयोजकको सहयोगमा नेपाल सरकारको निकासाको लागि पहल गर्नु पर्ने | • भौचर नं. छुट्टा छुट्टै दिइसकिएको<br>• पहल भएको |
| २ | २०७५/०२/११ | • कुनै पनि सुझाव नभएको | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक वर्षमा भएको आम्दानी र खर्च भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा मिति २०७५।०४।२३ मा प्रकाशित गरिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका १० : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४/०५/०७ | गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन समिति गठन, जि.स.स.बाट हस्तान्तरण भई |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| | | आएका सहयोगि व्यक्ति परिचालन तथा सेवा सुबिधा तोकेको, बार्षिक कार्यक्रम तथा बार्षिक कार्य योजना निर्माण भई स्वीकृत भएको । |
| २ | २०७४/०६/०३ | आलिताल गा .पा. अन्तरर्गत साउन र भदौ महिना मा ग्रा.ज.व्य.प.द्धारा विभिन्न कृयाकलापको समिक्षा, जलउपयोग गुरुयोजना पुनरावलोकन, फिल्ड कार्यालय व्यवस्थापन सम्वन्धमा, ग्रा.ज.व्य.प.को लागि फोकल पर्सनको रुपमा गाउँपालिका अन्तरर्गत योजना शाखा प्रमुख लाई तोक्ने निणर्य भएको । |
| ३ | २०७४/०७/२८ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस आलिताल गा.पा.भित्र RVWRMP को असोज र कार्तिक महिनामा गरिएका कियाकलापको समिक्षा, RMPMC का पदाधिकारीहरुलाई अभिमुखिकरण, PSU मा प्रगति बिबरण पेश गर्ने सोलार लिप्ट खापायोको बजार सोलार सामग्री खरिद प्रकिया सम्वन्धमा ,डिजाइन इस्टीमेट तथा भुक्तानी कागजातमा चेकजाँच सम्वन्धमा छलफल । |
| ४ | २०७४/०८/२९ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस आलिताल गा.पा.भित्र RVWRMP को मंसिर र पौष महिनामा गरिएका कियाकलापको समिक्षा र जिविकोपार्जन सुधार योजना सम्वन्धमा ,जलउपयोग गुरुयोजना समायोजना सम्वन्धमा ,सुधारीएको चुल्हो निर्माण सम्वन्धमा छलफल । |
| ५ | २०७४/०९/१६ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस आलिताल गा.पा.भित्र RVWRMP को असोज र कार्तिक महिनामा गरिएका कियाकलापको समिक्षा, जलउपयोग गुरुयोजना समायोजन सम्वन्धमा |
| ६ | २०७४/१०/२८ | गत महिनाको निर्णयको कार्यान्वयन समिक्षा, यस आलिताल गा.पा.भित्र RVWRMP को असोज र वार्षिक कार्यक्रम (पूँजिगत मात्र) संसोधन सम्वन्धमा, आगामी आ.व.को बजेट तथा कार्यक्रम सम्वन्धमा |
| ७ | २०७४/११/२४ | प्रगति समिक्षा सम्बन्धि छलफल, निर्माणाधिन योजनाको म्याद थप सम्वन्धमा, जिविकोपार्जन सुधारका लागि गा.पा. को योजना निर्माण सम्वन्धमा, RMPMC पदाधिकारीहरुको अध्ययन अवलोकन भ्रमण सम्वन्धमा |
| ८ | २०७४/१२/३० | प्रगति समिक्षा सम्बन्धि छलफल, परियोजना अन्तरगत यस आ.व.मा सञ्चालित पुजिँगत तर्फका योजना संसोधन सम्वन्धमा ,योजनाको तेस्रो अनुगमन सम्वन्धमा |
| ९ | २०७५/०१/३१ | प्रगति समिक्षा सम्बन्धि छलफल योजनाहरुको म्याद थप सम्वन्धमा<br>तेस्रो अनुगमन सम्वन्धमा |
| १० | २०७५/०२/२८ | प्रगति समिक्षा सम्बन्धि छलफल, सहयोगी संस्था छनोट सम्वन्धमा, सहयोगी संस्था छनौट समिति र सहजिकरणका लागि परियोजनालाई अनुरोध सम्वन्धमा |
| ११ | २०७५/०३/२१ | सहयोगी व्यक्तिहरुको म्याद थप सम्वन्धमा, प्रगति समिक्षा सम्बन्धि छलफल |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. गाउँपालिकास्तरीय जलउपयोग गुरुयोजना समायोजन गरी गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण भएको

२. गाउँपालिकास्तरीय जीविकोपार्जन कार्यान्वयन योजना निर्माण हुने कममा रहेको (सबै वडाहरुको योजना गोष्ठी भैसकेको तर गाउँपालिकास्तरीय गोष्ठी हुन बांकी) ।

३. गाउँपालिकास्तरीय सहकारी निति छलफलमा रहेको (एक घर कम्तिमा एक शेयर निति अवलम्बन गरी चेतना कृषि सहकारी संस्था लि.को व्यवसायिक योजना निर्माणमा सहयोग गर्ने) ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका ११ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | गाँउपालिका कृषि शाखा | प्लास्टिक घर निर्माण तथा विउ विजन वितरण | नगद र प्रविधिक सहजिकरण | ३,००,००० |
| २ | रेडियो परशुराम ९१.२ मेगाहर्ज, जोगबुडा | कार्यक्रम समृद्धि र सम्मान प्रसारणमा सहकार्य | नगद | १३,५०० |
| ३ | आलिताल गाउँपालिका | नारी दिवस | नगद | २५,००० |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १२ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | वजार सामग्री समयमा अपुर्ति नभएको | सप्लायर्सलाई समयमा सचेत गराउने कार्य भएको |
| २ | गोठेमल व्यवस्थापन | स्थान अभावका कारण र परम्परागत घर निर्माणको अवस्थाले गर्दा आशा गरे अनुसार परिवर्तन गर्न नसकिए पनि गोठ सुधार र गोठेमल व्यवस्थापनको लागि समूहहरुमा विशेष छलफल गरिएको । |
| ३ | महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग | समुदायमा छलफल गरी महिनावारी भएको बेला धारा र चर्पीको प्रयोग गर्नमा जोड दिइएको र विभिन्न जनचेतना जगाउने कार्यहरु गरेको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## मा संचालित योजनाहरुको विवरण

| वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिका को खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **ोजना** | | | | | | | |
| २ | ३००५८८१ | २८७०६७८ | ४६५९७४ | २०६००० | सम्पन्न | | अघिल्लो आ.व.मा गणना भएको |
| २ | ५९३४०८२ | ५६३६८६५ | ९२४७२८ | ४१०८९५ | सम्पन्न | | |
| २ | ५५२३५३९ | ४८५५८५६ | २१७३०२५ | ३८८८४९ | सम्पन्न | | ५२४ |
| २ | ३२३३५७२ | २५७३७५६ | १००६७५२ | २४४९७९ | सम्पन्न | | ३१८ |
| ३ | ३०६२८५० | २७०६७४८ | २१९६६९१ | २६६३३४ | सम्पन्न | | ३३१ |
| ३ | ५०६०४४३ | ४२८५२२० | ३६२४४८७ | ४४००३८ | सम्पन्न | | ३९५ |
| ३ | ७११७८१५ | ५९६२५६१ | ५३८९३०३ | ६२८३१८ | सम्पन्न | | ६९१ |
| ६ र ७ | ६७०५७०० | ५८६०५२९ | २५०८५२९ | ४१२८३० | सम्पन्न | | ५३८ |
| ८ | १०३३८६८५ | ९४९१२४० | १०३९०२५६ | ८९९०१६ | सम्पन्न | | ९३४ |
| **जना** | | | | | | | |
| ४,५, ६, ७ र ८ | २३९९३० | २३८८०७ | २३८८०७ | ४५६९२ | सम्पन्न | | १९७२ |

*वेस, सम्पर्क जिल्लाको* **TSU***)*

## अनुसूची २ (क) : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि (दिन) | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उ.स अभिमुखिकरण गोष्ठी | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| २ | GESI अभिमुखिकरण गोष्ठी | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| ३ | घरवारी व्यवस्थापन अभिमुखिकरण गोष्ठी | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| ४ | लेखा व्यवस्थापन अभिमुखिकरण | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| ५ | WSP/O&M अभिमुखीकरण गोष्ठी | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| ६ | CAP तयारी गोष्ठी | ५ | १ | १ | २ | १ | १ | ० | २ | ३ |
| ७ | निर्माण पुर्वको गोष्ठी | २ र ३ | १ | ४ | ४ | २ | ६ | ६ | १६ | १८ |
| ८ | निर्माण अवधिको गोष्ठी | २ र ३ | १ | ४ | ४ | २ | ६ | ६ | १६ | १८ |
| ९ | लेखा पुन: ताजगी तालिम | २ र ३ | १ | ४ | ४ | २ | ६ | ६ | १६ | १८ |
| १० | सार्वजनिक परिक्षण तयारी गोष्ठी | २ र ३ | १ | ४ | ४ | २ | ६ | ६ | १६ | १८ |
| ११ | पानी सुरक्षा योजना तयारी तालिम | ४,५ र ७ | ३ | ३ | २ | ० | १० | २१ | ९ | १४ |
| | | | | | | | | | | |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | १ र २ | | | १० | २ | ३० | ६ | ६९ | २७ |
| २ | बेमौसमी तरकारी खेती तालिम | ३ | ३ | १ | १ | १ | २५ | ० | २१ | ३ |
| ३ | अगुवा कृषक पुनर्ताजगी तालिम | सबै वडा | १ | २ | ० | ० | १३ | १ | १३ | १५ |
| ४ | सहकारी पदाधिकारी तथा सरोकार वालाहरुको भ्रमण | | ४ | १ | २ | १ | ४ | ३ | ३ | १० |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | ८ | १२ | १ | ० | १ | ० | १ | ० | ३ |
| | | | | | | | | | | |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | वडा स्तरिय WUMP तथ्यांक अध्यावधिक गोष्ठी | सबै वडाहरु | १ | ८ | २८ | २१ | १२ | २४ | ७४ | १९३ |
| २ | वडा स्तरीय WUMP योजना तर्जुमा | सबै | १ | ८ | १६ | २१ | २१ | ३५ | ५८ | १७८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गोष्ठी | वडाहरु | | | | | | | | |
| ३ | गाँउपालिका स्तरीय गरुयोजना समायोजन कार्ययोजना तयारी गोष्ठी | गापामा | २ | १ | १ | २ | २ | ३ | २ | १४ |
| ४ | गाँउपालिका स्तरीय गुरुयोजना समायोजन गोष्ठी | गापामा | १ | १ | ३ | ३ | ३ | २ | २ | २९ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तनसंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | सुधारीएको चुल्हो प्रवर्धक तालिम ( निर्माण तथा मर्मत संभार) | ८ | २ | १ | १ | १ | ४ | १ | ५ | ८ |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | उ.स. तथा VMW तथा सरोकार वालाहरुको योजना दिगोपना सम्वन्धी गोष्ठी | गा.पा. | २ | १ | २ | ० | ५ | १२ | ४ | ३३ |
| २ | गाँउकार्यपालिका तथा सहयोगी व्यक्तिहरुको सिकाई आदान प्रदान भ्रमण | | | | २ | ३ | २ | २ | ३ | १९ |
| ३ | व्यवसाय प्रवर्द्धन कार्यशाला गोष्ठी | गा.पा. | ३ | १ | ० | ३ | ९ | ८ | १० | ३८ |

## अनुसूची २ (ख) : यस आ.व.मा संचालित जनचेतनामूलक कार्यक्रमहरुको विवरण

| क्र.सं. | सञ्चालित कार्यकमको नाम | वडा नं. | अवधि (दिन) | संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिनावारी स्वच्छता दिवश | १ देखि ८ सम्म | १ | ३ | १०७ | ० | १७३ | १६ | ८५१ | २८ |
| २ | राष्ट्रिय सरसफाई सप्ताह | १ देखि ८ सम्म | ७ | ८ | ९५ | ६८ | २७५ | ९५ | २०५ | २८९ |
| ३ | विश्व पानी दिवश | ३ र ८ | १ | १ | १ | १ | १२ | ७ | ५ | १९ |
| ४ | समुदायस्तरमा पुर्ण सरसफाइ तथा छाउपडी सम्बन्धि छलफल | १ देखि ८ | | | ९७ | ८६ | ३०७ | ११४ | ७६३ | ५६७ |
| ५ | समुदाय तथा समूहस्तरमा पोषण थाली प्रदर्शन तथा छलफल | १ देखि ८ | | ६ | १० | २ | ३० | ६ | ६९ | २७ |
| ६ | बिद्यालयस्तरमा सरसफाइ स्वच्छता सम्बन्धि कक्षा सञ्चालन | १ देखि ८ | ४९ | ४९ | १४९ | १२४ | ३७८ | ३४८ | ११५४ | १०७४ |

## अनुसूची ३ : सहकारी संस्थाको विवरण

**सहकारी संस्थाको नाम : चेतना कृषि सहकारी संस्था लि. आलिताल**

**क) संगठन तर्फ**

**क.सामुदायिक संस्था तथा विभिन्न उपभोक्ता समितिहरुको आवद्धता**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक संस्था/कृषि समूह | संख्या | ३७ | ६४ | |
| २ | उपभोक्ता समिति | संख्या | ४ | ७ | |
| ३ | अन्य संस्थाहरु ( विपद जोखिम न्यूनिकरण समूह) | संख्या | २ | २ | |

**ख. शेयर सदस्य**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला सदस्य | संख्या | ६७७ | ८८० | जम्मा: १,३४९ |
| २ | पुरुष सदस्य | संख्या | ४१२ | ४६९ | |
| **ग. जातियताको आधारमा** | | | | | |
| १ | दलित | संख्या | १५७ | २०३ | |
| २ | जनजाति | संख्या | १९५ | २२२ | |
| ३ | अन्य | संख्या | ७३७ | ९२४ | |

**२ पूँजी निर्माण**

| क.सं | बिबरण | इकाई | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | शेयर रकम | रु. | ४,९७,७०० | ९,६६,००० | |
| २ | निक्षेप (वचत) | रु. | १५,१५,८४९ | ३१,९३,१३२ | |
| ३ | जगेडा कोष | रु. | १,८२,६०७ | १,९१,७१६ | वार्षिक रुपमा मात्र |
| ४ | मर्मत संभार राहत कोष | रु. | ० | १०,०६६ | वार्षिक नाफाबाट |
| ५ | खुद नाफा | रु. | ३९,४०३ | २,३८,५७८ | |
| ६ | कुल सम्पति | रु. | १,१७,७३३ | ४३,६०,८९२ | सन्तुलन परीक्षणबाट |

**३. पूँजी परिचालन ( प्रत्येक आ.व को मात्र)**

क.ऋण लगानी

| क.सं | लगानी क्षेत्र | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | लाभान्वित सदस्य संख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृषि | रु. | २४,५०,९६८ | ३०,००,२७३ | २०५ |
| २ | पशुपालन | रु. | ० | | |
| ३ | व्यापार | रु. | ० | १०,००,००० | २० |
| ४ | वैदेशिक रोजगार | रु. | ० | २५,००,००० | ६ |
| ५ | अन्य | रु. | ० | ५७,१,००० | १८ |
| **कुल जम्मा** | | **रु.** | **२४,५०,९६८** | **४८,२१,२७३** | **२४९** |

**नगद मौज्दात रु. २८,९९६**

**वैक मौज्दात रु. ७०,८७७**

## ४ असूली, आम्दानी तथा खर्चको विवरण

| क्र. सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सांवा असूली | रु. | | ३४,५७,५६४ | |
| २ | व्याज तथा हर्जाना असूली | रु. | १५०,९२४ | ३,८७,७२२ | |
| ३ | अन्य आम्दानी | रु. | ८३,६६५ | ८६,१५१ | |
| ४ | पाउनु पर्ने व्याज वांकी | रु. | १,८५९ | १८,२६२ | |
| ५ | भाखा नाधेको रकम | रु. | ८५,००० | ३५,००० | |
| ६ | लगानीमा रहिरहेको रकम (ल.र.र) | रु. | २४,५०,९६८ | ४८,२१,२७३ | |
| ७ | असूली दर | प्रतिशत | ९७ | ९८.६३ | सूत्र= **(1+2)/(1+2+4+5)x100** |
| **क** | **कूल आम्दानी (२+3)** | **रु.** | **२,३४,५८९** | **४,७३,८७३** | |
| ८ | संचालन खर्च | रु. | ८५,४०५ | १०८२०५ | |
| ९ | व्याज खर्च | रु. | ५२,८८५ | ८६,९१३ | |
| १० | ऋण सुरक्षण व्यवस्था खर्च/कोष | रु. | ४६,७५२ | १०,०४४ | वार्षिक खातावन्दीमा मात्र |
| **ख** | **कूल खर्च** (८+९+१०) | **रु.** | **१,८५,०४२** | **२,०५,४५७** | |
| **ग** | खुद नाफा (**क-ख**) | रु. | ४९,५४७ | २,६८,४१६ | |
| **११** | संचालन आत्मनिर्भरता (OSS) | प्रतिशत | १२७ | २३१ | सूत्र=(२+३)/ख |

(५) **विभिन्न्न समितिहरुको विवरण**

| क्र.सं | समितिहरु | महिला | पुरुष | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | संचालक समिति | ७ | ६ | १ | ३ | ९ | १३ |
| २ | लेखा समिति | २ | १ | १ | १ | १ | ३ |
| ३ | कर्मचारीहरु | २ | १ | ० | २ | १ | ३ |

**(६) सम्वन्ध र सर्म्पक विकास:**

| निकाय | के काम | उपलब्धि |
|---|---|---|
| १) आलिताल गाउँपालिका | सहकारी भवन निर्माणका लागी | १) रु ५ लाख विनियोजन भएको |
| २) आलिताल गाउँपालिका RVWRMP | सुधारीएको चुल्हो निर्माण | १) ३३० वटा सुधारीएको चुल्हो निर्माण भएको |
| ३) कृषि कार्यालय | फलफुलका विरुवा तथा बिउ बिजन वितरण | १) ३,००० जना कृषकलाई बिरुवा बितरण<br>२) २००० जना कृषक लाई बिउ बिजन बितरण |
| ४) रुडुक पहल परियोजना | सहकारी शिक्षा | १५ वटा समुहलाई |
| ५) आलिताल गा.पा.वार्ड नं. ८ र ३ | सहकारी शिक्षा | २ ईभेन्ट सहकारी व्यवस्थापन र लेखा व्यवस्थापन तालिम |

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### चेतना कृषि सहकारी, बन्दैछ आलितालका जनताको सहयात्री

२०६७ सालमा अक्सफामको सहयोगमा तत्कालीन आलिताल गाविसमा स्थापना भएको चेतना कृषि सहकारी संस्था लि. सोहि संस्थाको आर्थीक सहयोगमा रु १०,००० प्रति व्यक्ती प्रति महिना तलब भत्ता खान पाउने गरी दुई जना कर्मचारीको व्यवस्था गरी अगाडी बढी रहेको अवस्थामा २०७३ साल भाद्र महिनामा बसेको VWASHCC लगायत सरोकारवालाहरुको बैठकले उक्त सहकारीलाई नै परियोजनाले प्रविधिक सहयोग गर्ने गरी निर्णय भए पश्चात २०७३ साल मंसिरमा संचालक समितिलाई परियोजनाको सहयोगमा सहकारी व्यबस्थापन तालिम दिए पश्चात परियाजनाका विभिन्न सहयोगका कारण अहिले आलिताल गाउपालिकाकै सबैभन्दा बिश्वासिलो सहकारी बन्न सफल भएको कुरा बताउनुहुन्छ अध्यक्ष टेक बहादुर रोकामगर ।

उक्त सहकारीलाई ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा सहकारी व्यवस्थापन तालिम, कार्यालय ऋण तथा लेखा व्यवस्थापन तालिम, बाह्य सहकारी अबलोकन भ्रमण, स्टेसनरी सामग्री सहयोग  तथा नियमित अनुगमन मुल्यांकन कार्यमा सहयोग रहेका कारण हाल आएर सहकारी आफ्नै श्रोतमा बाच्न सक्ने भएको कुरा प्रबन्धक भबि थापामगरले बताउनु भयो । हाल १,३४९ सदस्य रहेको यो सहकारी आलितालका जनताको बिश्वासको आधार बनेको छ । जसको हालको अवस्था यस प्रकार रहेको छ ।

| क.स. | विवरण | सहयोग हुनु पूर्वको अवस्था | परियोजनाको सहयोग पश्चात हालको अवस्था |
|---|---|---|---|
| १ | सेयर सदस्य | ५२७ | १,३४९ |
| २ | सेयरपूजि | ८७,५०० | ९६,६०० |
| ३ | निक्षेप | ४,९२,३२० | ३१,६२,११९ |
| ४ | लगानीमा रहिरहेका रकम | ५,६४,००० | ४८,४०,१३३ |
| ५ | असुलिदर | प्रयोगमा नल्याएको | ९९% |
| ६ | सामुदायिक संस्था संख्या | २२ | ६४ |
| ७ | खानेपानी उपभोक्ता समितिको खाता संख्या | ० | ७ |
| ८ | ऋणि संख्या | २३ | २२४ |
| ९ | नाफा | ० | १९१,७१६ (असार मसान्तसम्मको) |

हाल यस सहकारी संस्थाले ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा आफ्ना सदस्यहरुलाई धुवारहित सुधारीएको चुल्हो ५०० सेयर सदस्यहरुको घरमा जडान गरेको छ । साथै आलिताल गाउपालिका, कृषि शाखा, प्रधानमन्त्रि जोन कार्यक्रम लगायतका विभिन्न निकायहरुको सहयोमा यस सहकारीले फलफुलका बिरुवा वितरण, तरकारीका विउविजन वितरण, कृषि उपज खरीद तथा विक्रि वितरण लगायतका सामाजिक कार्यहरुको पनि सुरुवात गरेको छ ।

## एक घर एक प्लाष्टिक घर रक्सौन गाउँबासीलाई गाउँघरमैं रोजगार

आलिताल गाउँपालिका वार्ड नं. ३ का २५ जनजाती समेत ५१ घरधुरी श्रोत साधनको प्रयाप्तता हुँदाहुदै पनि परम्परागत खेती तथा मुल्य मान्यता अंगालेको बस्ती तथा समुदाय हो । तरकारी खेतीका नाममा लसुन र प्याज मात्र त्यो पनि थोरै मात्रामा लगाउने प्रचलन रहेको यस समुदायका मानिसहरु काक्रो र फर्सि मकैवारी तिर एक दुई बोट लगाउने चलन रहेको गरीब बस्ती रक्सौनमा पहिलोपटक तरकारी खेती तथा घरवारी व्यवस्थापनबारे अनबिज्ञता रहेको थियो । ३ पटकको आमभेलामा छलफल भएपश्चात प्लाष्टिक घरमा काक्रो र टमाटर खेती तथा तरकारी खेती गर्न सबै मध्ये ४० घर परिवार तयार भए ।

आलिताल गाउँपालिका ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनको अगुवाईमा बसेको सरोकारवालाहरुको बैठकमा कृषि शाखाले प्लाष्टिक घर उपलब्ध गराउने र उक्त प्लाष्टिक घरको बाँकी सम्पूर्ण संरचना समुदायले गर्ने र आवश्यक पर्ने तालिम तथा अन्य प्रविधिक सहयोग र विउविजन परियोजनाले व्यहोर्ने सहमति भए पश्चात सोहि अनुसार परियोजनाको तर्फबाट ५ दिने व्यवसायिक तरकारी खेती तालिम र आबश्यक पर्ने विउबिजन दिई परियोजनाको तर्फबाट लगातार प्रविधिक सहजिकरण पश्चात ४० घरधुरीले प्लाष्टिक घरमा तरकारी तथा काक्रो खेती सुरु गरेका हुन ।

उक्त घर परिवार मध्ये सबै घरधुरीका किसानहरुले आफ्नै वारीमा उत्पादित काक्रो तथा तरकारी सानो वा ठुलो परिमाणमा सबैले बिकी गरी आयआर्जन गरेका छन जसमध्ये सबैभन्दा कम आम्दानी गर्ने कृषकले पहिलो सिजनमा रु ८,००० र सबैभन्दा बढि आम्दानी गर्ने कृषकले यो सिजनमा रु २०,००० सम्म कमाएको कुरा प्रविधिक सहयोगमा संलग्न स्थानीय श्रोत व्यक्ती ठगि सिंह भण्डारीले जानकारी दिए । तरकारी बेच्न थालेपछि आम्दानीको राम्रो श्रोत तरकारी खेती रहेको र चैत महिनामा काक्रो बजारमा मात्र फल्छ भन्ने सोचेका थियौ तर हाम्रो वारीमा पनि फल्दो रहेछ मैले त ढिलै भएपनि जागिर पाएको महसुस गरी रहेकी छु अब यसलाई निरन्तरता दिन्छु भन्नुहुन्छ इश्वरी रानामगर जस्ले यो समुदायमा सबैभन्दा बढी काक्रा तथा तरकारी बिकि गर्न सफल हुनु भयो ।

### रन्तोला नदिगाडामा बन्यो हाइब्रिड खानेपानी योजना

आलिताल गाउपालिका वार्ढ नं. ६ र ७ मा पर्ने बलौचा रन्तोला गोमा १०० घरधुरी जो खानेपानी को समस्या बर्षौ देखि खेपि रहेका थिए । गाउको विचमा जनश्रमदान बाट बनाईएको सानो नाउलामा ताला लगाउने प्रविधि बनाई सुख्खा सिजनमा उक्त नाउला बाट प्रति परिवार २ देखि ५ लिटर पानी बाड्ने गरेको र बाकी पानी आपुर्तिका लागी एक जना परिवारको सदस्य ले दिनभर पानी बोक्ने कार्य मात्र गर्नु पर्ने अवस्था थियो जसका कारण स्वच्छ पानीको अभावमा यस गाउका जनता कमजोर स्वस्थ्यका साथै आधारभुत आवश्यकता समेत पूर्ति गर्न नसकेको जस्तै चर्पि प्रयोग गर्ने, हात धुने, नुहाउन लुगा धुन साह्रै समस्या रहेको थियो ।

यसै क्रममा आलिताल गाउपालिका ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना को टिम उक्त गाउमा जुनसुकै विकल्प अपनाएर खानेपानीको आपुर्ति गर्न अगाडी बढयो जस अर्न्तगत उक्त गाउका ३२ परिवारका लागी आकासे घैटो ३५ परिवारका लागी ४ वटा श्रोत संरक्षण तथा सुधारर बाकी परिवारकालागी पाइप प्रणली द्धारा खानेपानीको आधारभुत सुबिधा उपलब्ध गराई यस गाउमा हाल जनताको जिवन शैली फेरीएको छ । सबै घरपरिवार सहकारीको सेयर सदस्य छन , सबै घरपरिवार घरवारी व्यवस्थापन कृषक समुहको सदस्य छन र सबै घसहरुमा परियोजनाको सहयोगमा ससुधारीएको धुवारहित चुल्हो जडान भएको ले पहिलेको अवस्था सम्फिदा गाउ अहिले स्वर्ग जस्तै भएकाले सबै जनता खुसी भएको कुरा रन्तोला नदिगाडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष राम बहादुर साउदले बताए।

यस योजना लाइ दिगो रुपमा उपभोग गर्न प्रति महिना प्रति परिवार रु ५०। उठाउने गरेको , योजनामा प्राप्त सबै औजार हरु सुरक्षित राखेको , दुइ जना मर्मत संभार कार्यकर्ता नियूक्त गरेको र चेतना सहकारी संस्थमा रु ८६२८१। र समुदायमा ब्यजमा लगानी गरेको रु १,१५,०००। मर्मत संभारकोष राखेका कारण योजनाले गुणस्तरीय सुविधा दिने कुरा मर्मत संभार कार्यकर्ता भास्कर साउद बताउछन । गाउमा अतिराम्रा संरचना बनेका कारण सबै उपभोक्ता तथा गाउबासी हरु आफ्नो गाउ बिकसीत भएकोमहसुस भएको अध्यक्ष साउदले बताए ।

## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४/१०/२३<br>२०७४/०४/२४ | • परियोजनाको लागतमा खानेपानी निमार्ण ३००० जना लाभान्वित (हिल टाईम्स राष्ट्रिय दैनीक )<br>• काकाकुल सुदुरका पहाड शिर्षकमा नाउली खानेपानी योजनाको समाचार कान्तीपुर दैनिकमा |
| २ | रेडियो परशुराम एफ एम<br>रेडियो अमरगढी | २०७५/०२/१२<br>२०७५/०३/३२<br>२०७४/१०/२४ | • समृद्धि र सम्मान कार्यक्रम रेडीयो परशुरामवाट प्रशारण<br>• परियोजनाका गतिविधि वारे अमरगडी एफ.एम. मा समाचार प्रशारण<br>• उपभोक्ता समितिसँग योजनाको बारेमा छलफल गरिएको इपिसोड प्रसारणका लागि ।<br>• घरबारी समुहका सदस्यहरुलाई आयआर्जन सम्बन्धि अन्तर्वार्ता कार्यक्रम सञ्चालन गरिएको इपिसोड प्रसारणका लागि ।<br>• सन्देशमूलक बिभिन्न जिंगलहरु नियमित रुपमा प्रसारण गरिएको । |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | | • विभिन्न समयमा अनुगमन कर्ताहरुले योजनाको अनुगमन तथा विभिन्न अनुगमनका दृष्यहरु facebook बाट share गरिएको । |
| ५ | प्रदर्शनी | | • स्थानीय स्तरमा पोषण प्रवर्द्धनका लागि पोषण सम्बन्धि थाली प्रदर्शनहरु विभिन्न समूह तथा समूदायमा गरिएको ।<br>• स्थानीय विद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको लागि विभिन्न पोष्टरहरु र विधिहरु प्रदर्शन गरिएको । |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | २०७५ | • वार्षिक क्यालेन्डरमा डोला बहुद्धेशीय योजनाको पाइप लाइन अनुगमनको फोटो प्रकाशन |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १ | पदमराज जोशी | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | १२ |
| २ | रामदत्त जोशी | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | फिल्ड सयोजक | १२ |
| ३ | दलबहादुर दियाल | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सब इन्जिनियर | ९ |
| ४ | गुणराज मिश्र | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिविकोपार्जन प्रबर्द्धक | १२ |
| ५ | शुसिला कुमारी देउवा | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रबर्द्धक | १२ |
| ६ | सविना दमाई | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | सरसफाइ तथा स्वच्छता प्रबर्द्धक | १२ |
| ७ | गंगादत्त जोशी | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलश्रोत प्रबिधिक | १२ |
| ८ | प्रकास बहादुर महर | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जलश्रोत प्रबिधिक | १२ |
| ९ | गणेश प्रशाद ओझा | आलिताल गा. पा. /ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुरा | जिविकोपार्जन प्रबर्द्धक | ३ |

गाउँपालिका तथा माथि उल्लेखित सहयोगी ब्यक्तिहरुलाई परियोजनाको उद्धेश्य पूरा गर्नको लागि आवश्यकता अनुसार सहयोग गर्न, योजना तथा कियाकलापहरुको अनुगमन गर्न, तालिम लगायतका विषयहरुमा सहयोग गर्न प्राविधिक सहयोग इकाई र परियोजना सहयोग इकाईबाट पनि पटक पटक कर्मचारीहरु आवश्यकता अनुसार परिचालन भएका थिए ।